आज मिति २०७५।०६।११ गते बिहीबारका दिन बिहान ८ :०० बजे लिखु गाउँपालिका, गाउँ कार्यपालिकाका अध्यक्ष श्री धुव श्रेष्ठज्यूको अध्यक्षतामा देहायका पदाधिकारीज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको चौविसौं बैठक बसी विभिन्न प्रस्ताव उपर छलफल गरी निर्णय गरियो ।

उपस्थित पदाधिकारी तथा महानुभावहरु

श्री धुव श्रेष्ठ, अध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री रोजिना राई, उपाध्यक्ष लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री नरहरी पाण्डे, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री भिम बहादुर घले, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री दल बहादुर राई, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री भोला प्रसाद सेढाई, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री रामकृष्ण श्रेष्ठ, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री हरिशरण लामिछाने, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री श्रृजना बागदास, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री शान्ति राई, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री इन्दिरा लोहनी, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री लक्ष्मी राई, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री इन्द्र बहादुर घर्ती, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री विष्णु बहादुर घले, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री सुरज अर्याल, प्रमुख प्रशासकीय अधिकृत, लिखु गाउँ कार्यपालिकाको कार्यालय, नुवाकोट

अन्य आमन्त्रित

श्री रामचन्द्र लामिछाने, कार्यक्रम अधिकृत, लिखु गाउँ कार्यपालिकाको कार्यालय, नुवाकोट

श्री बसन्तराज पोखेल, नायव सुब्बा, लिखु गाउँ कार्यपालिकाको कार्यालय, नुवाकोट

श्री योगेन्द्र बहादुर थोक्लेन, लेखापाल, लिखु गाउँ कार्यपालिकाको कार्यालय, नुवाकोट

निर्णयहरु:

१)क. लिखु गाउँपालिकाको गाउँसभाबाट चालु आ.व. २०७५/०७६ का लागि स्वीकृत वार्षिक विकास कार्यक्रम कार्यान्वयनको कार्यतालिका देहाय बमोजिम स्वीकृत गर्ने ।

योजना/कार्यक्रम कार्यान्वयन कार्यतालिका, २०७५/०७६

| क्र.सं. | क्रियाकलाप | कार्य अवधि | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|
| १ | उपभोक्ता समिति गठन/ठेक्का आव्हान | २०७५ मंसिर मसान्त सम्म | वडा अध्यक्ष/सदस्य/वडा सचिव | |
| २ | उपभोक्ता समितिका पदाधिकारीहरु (अध्यक्ष, सचिव र कोषाध्यक्ष) लाइ अभिमुखीकरण तालिम | उपभोक्ता समिति गठन पश्चात् समय मिलाएर | प्र.प्र. अ/योजना, अनुगमन तथा प्रशासन शाखा | वडागत रुपमा छुट्टाछुट्टै |
| ३ | योजनाहरुको लागत अनुमान तयारी | २०७५ पौष मसान्त सम्म | पूर्वाधार विकास शाखा | |
| ४ | योजना संझौता | २०७५ पौष मसान्त सम्म | प्र.प्र.अ./योजना शाखा | |
| ५ | योजनाको अनुगमन तथा सुपरीवेक्षण | २०७६ जेठ मसान्त सम्म | अनुगमन तथा सुपरीवेक्षण समिति | जति सुकै लागत अनुमान सम्मको योजना पनि गा.पा. स्तरको अनुगमन समितिबाट हुनुपर्ने । |
| ६ | योजनाको फरफारक तथा अन्तिम भुक्तानी दिने | २०७६ जेठ मसान्त सम्म | प्र.प्र.अ./अनुगमन समिति/पूर्वाधार शाखा/योजना शाखा/लेखा शाखा | |

ख. उक्त कार्ययोजना अनुरुप कार्य सम्पादनमा प्रभावकारीता ल्याउन देहाय बमोजिम गर्ने ।

१. संबन्धित वडाको अध्यक्ष अनुगमन तथा सुपरीवेक्षण समितिको पदेन सदस्य रहने ।
२. उपभोक्ता समिति मार्फत सन्चालन हुने योजनाहरुमा उपभोक्ता समितिले लागत सहभागिता स्वरुप ( नगद/श्रम) कामको प्रकृति हेरी १० प्रतिशत देखि २० प्रतिशत सम्म अनिवार्य व्यहोर्नुपर्ने ।
३. सम्झौता भएको मितिले कामको प्रकृति हेरी (२०७६ जेठ मसान्त ननाघ्ने गरी) बढीमा ६ महिना भित्र कार्य सम्पन्न गर्नुपर्ने ।
४. सडक योजनाहरुको नयां ट्रयाक खोल्ने कार्यलाइ निरुत्साहन गर्ने ।
५. पुराना सडकको हकमा लागत अनुमानको कम्तीमा ७० प्रतिशत स्ट्रक्चर निर्माणको कार्य गर्नुपर्ने ।
६. स्वीकृत लागत अनुमान तथा प्राविधिकले दिएको निर्देशन भन्दा बाहिर गइ आफूखुशी गरेको कामको इष्टिमेट रिभाइज्ड नगर्ने र भुक्तानी दिन बाध्य नहुने । सो कार्यको जिम्मेवारी उपभोक्ता समिति स्वयंले लिनुपर्ने ।
७. संझौता हुनुभन्दा पहिले गरेको कामको जिम्मेवारी उपभोक्ता समिति स्वयंले लिनुपर्ने ।
८. गाउँपालिकाबाट विनियोजित बजेटमा समेटिएका योजनाहरु एवं प्रदेश तथा केन्द्रबाट प्राप्त योजनाहरु कार्यान्वयनको क्रममा विवाद तथा विलम्बको कारण उपभोक्ता समितिबाट कार्यहुन नसकेमा सम्बन्धित वडाको सिफारिशमा योजनाहरु ठेक्का पट्टा प्रक्रियाबाट कार्यान्वयन गर्ने ।

९. संझौता रकम भन्दा बढी खर्च भएको भनी मागदावी गर्ने उपभोक्ता समितिको माग थप रकम भुक्तानी नगर्ने ।

१०. रु ३ लाख वा सो भन्दा बढी रकम विनियोजन भएका योजनाहरुको हकमा योजनाको सम्पूर्ण विवरण खुलेको सूचना पाटी (Hoarding Board) योजना कार्यान्यनपूर्व अनिवार्य रुपमा योजना स्थलमा राख्नुपर्ने ।

११. योजनाहरुको अन्तिम भुक्तानी लिंदा सार्वजनिक परिक्षण (Public Audit) गरेको सक्कलैप्रति पेश गनुपर्नेछ ।

१२. देहायको योजना तथा कार्यक्रम कार्यान्वयन चेकलिष्ट लागू गर्ने ।

योजनाको नाम :

| सि.नं | विवरण | छ | छैन | कैफियत |
|---|---|---|---|---|
| १ | **वार्षिक विकास कार्यक्रममा समावेश** | | | सो कार्यक्रमको फोटोकपि संलग्न राखी हाइलाइट गर्ने |
| २ | **उपभोक्ता भेलाको निर्णय** | | | |
| ३ | **उक्त उपभोक्ता भेलाको निर्णयमा उल्लेखित विषयहरु उल्लेख हुनुपर्ने** | | | |
| | उपभोक्ता समिति गठन | | | |
| | समितिका पदाधिकारीको संख्या ७ देखि ११ | | | पदाधिकारीको हस्ताक्षर जाँच गर्नुपर्ने |
| | उपभोक्ता समितिमा कम्तीमा ३३% महिला | | | |
| | समितिमा अध्यक्ष, कोषाध्यक्ष वा सचिव मध्ये कम्तीमा एकजना महिला | | | |
| | अनुगमन समिति गठन | | | |
| ४ | **उपभोक्ता समितिको निर्णयमा उल्लेखित विषयहरु उल्लेख हुनुपर्ने** | | | |
| | सम्झौता गर्न जाने निर्णय | | | |
| | खाता सञ्चालन गर्न जाने निर्णय | | | |
| ५ | **सम्झौता फाराममा वा सँगैहुनु पर्ने** | | | |
| | उपभोक्ता समितिका पदाधिकारीको नागरिकताको फोटोकपि | | | |
| | सो फोटोकपि उपभोक्ता समितिका अध्यक्षबाट प्रमाणित | | | |
| | उपभोक्ता समितिका पदाधिकारीको स्वघोषणा फाराम | | | |
| | सम्झौता फाराममा उपभोक्ता समितिका अध्यक्षको सही | | | |
| | सम्झौता फाराममा अन्य आवश्यक विवरण भरेको | | | नभरेको भए वडाबाट भरेरमात्र गा.पा.मा सिफारिश गर्ने |
| ६ | **सम्झौताको लागि गा.पा.मा पठाउने वडाको सिफारिश** | | | माथि उल्लेखित कुनै बुँदामा 'छैन' भन्ने देखिएमा सिफारिश नगर्ने |
| तयार पार्ने: | | | | प्रमाणित गर्ने: |
| ७ | **उपभोक्ता समितिका अध्यक्षले गा.पा.मा चढाएको निवेदन** | | | |

| | | | | |
|---|---|---|---|---|
| ८ | लगत इस्टिमेट | | | |
| | लगत इस्टिमेट स्वीकृत | | | |
| ९ | योजना सम्झौता भएको | | | |
| | भुक्तानी प्रक्रिया (माथि उल्लेखित कुनै बुँदामा 'छैन' भन्ने देखिएमा भुक्तानीको लागि सिफारिश नगर्ने) | | | |
| १० | रनिङ विल | | | तीन लाख भन्दा बढी लागत अनुमानको योजनामा मात्र रनिङ विलबाट भुक्तानी दिन सकिने |
| | रनिङ विल स्वीकृत | | | |
| | रनिङ विलबाट भुक्तानी | | | |
| ११ | उपभोक्ता समितिबाट अन्तिमबिलको लागि प्राविधिक खटाउने निवेदन | | | |
| १२ | कार्यसम्पन्न भएको भनी उल्लेख भएको उपभोक्ता समितिको निर्णयको प्रतिलिपि | | | |
| १३ | उपभोक्ता अनुगमन समितिको अनुगमन प्रतिवेदन | | | |
| १४ | कार्यसम्पन्न भएको वडाको सिफारिश | | | |
| १५ | सार्वजनिक परीक्षण फाराम ( सक्कलै प्रति) | | | |
| १६ | प्राविधिकको कार्यस्वीकार प्रतिवेदन | | | |
| १७ | प्राविधिकको कार्यस्वीकार प्रतिवेदनमा प्राविधिक तथा कार्यालय प्रमुखको हस्ताक्षर | | | |
| १८ | अनुगमन समितिको प्रतिवेदन | | | |
| १९ | आयोजनाको फोटो | | | |
| २० | सूचना पाटीको फोटो | | | |
| २१ | डोर हाजिरी | | | |
| | डोर हाजिरी | | | |
| | डोर हाजिरी भए सो मा दस्तखत र समितिको छाप | | | |
| | डोर हाजिरीमा उल्लेखित जम्मा रकम | | | |
| २२ | भ्याट बिल वा प्यान बिल | | | |
| | बिल भरपाई प्रचलित दर रेट अनुसार | | | |
| | विलको रकम | | | |
| २३ | ढुवानी गरेको भए | | | |

| | | | | |
|---|---|---|---|---|
| | चालकको लाइसेन्स र सवारीको ब्लुबुकको फोटोकपि | | | |
| | ढुवानी रकम | | | |
| २४ | कर कट्टी | | | |
| | बहाल कर (१०%) (कैफियतमा रकम उल्लेख गर्ने) | | | |
| | अगीम आयकर(१.५%)( कैफियतमा रकम उल्लेख गर्ने) | | | |
| | पारिश्रमिक कर(१५%)( कैफियतमा रकम उल्लेख गर्ने) | | | |
| | सामाजिक सुरक्षा कर(१%)( कैफियतमा रकम उल्लेख गर्ने) | | | |
| | माथि उल्लेखित कुनै बुँदामा 'छैन' भन्ने देखिएमा अन्तिम भुक्तानी नहुने | | | |
| | *तयार पार्ने:* | | | *सिफारिश गर्ने:* |
| | *नामथर:* | | | *नामथर:* |
| | *सही:* | | | *सही:* |

३. क) लिखु गाउँपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका २०७४ को दफा ४ बमोजिम लिखु गाउँपालिकाले देहाय बमोजिमको एक उपभोक्ता हित संरक्षण समिति गठन गर्ने निर्णय गरियो ।

क) लिखु गाउँपालिकाको उपाध्यक्ष श्री रोजिना राई — संयोजक

ख) लिखु गाउँपालिकाको आर्थिक समिति संयोजक श्री भिम ब. घले — सदस्य

ग) जिल्ला प्रशासन कार्यालय, नुवाकोटका अधिकृत प्रतिनिधि — सदस्य

घ) खाद्य, गुणस्तर, औषधी/जनस्वास्थ्य/उद्योग वाणिज्य हेर्न (उपलब्ध भए सम्मका विषयगत विषय हेर्न) शाखा प्रमुख/प्रतिनिधि भिम बहादुर रोक्का — सदस्य

ङ) उद्योग वाणिज्य संघको प्रतिनिधि — सदस्य

च) उपभोक्ता हित संरक्षणमा क्रियाशिल संस्था वा व्यक्तिहरु मध्येबाट एक जना केशराम तामाङ — सदस्य

छ) कार्यालयको उपभोक्ता हित संरक्षणं हेर्ने शाखा/डेस्क/इकाइका प्रमुख — सदस्य सचिव

ख. कार्यालयको उपभोक्ता हित संरक्षण हेर्ने शाखा/डेस्क/इकाइका प्रमुख हालसम्म स्थापना हुन नसकेको वर्तमान अवस्थामा उपभोक्ता हित संरक्षण हेर्ने इकाइ खडा गरी सो को जिम्मेवारी योजना शाखा प्रमुखलाई दिने निर्णय गरियो ।

ग. बजार अनुगमन समितिको कार्यक्रम तथा बजेट आ.व. २०७५।०७६ को वार्षिक कार्यक्रममा समाविष्ट हुन छुटेकोले सो सम्बन्धी खर्च योजना कार्यान्वयनबाट कट्टी भएको कन्टिन्जेन्सीबाट व्यहोर्ने निर्णय गरियो ।

४. लिखु गाउँपालिकाको जलश्रोत उपयोग सम्बन्धी विधेयक २०७५ सम्बन्धी प्रस्ताव गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

५. क) ढुंगा, गिटी, वालुवा आदि नदीजन्य पदार्थहरुको निकासी सम्बन्धमा गठित अनुगमन समितिको विभिन्न मितिमा भएका बैठकको निर्णय अनुसार प्राप्त सिफारिस समेतका आधारमा देहाय बमोजिम निर्णय गरियो ।

क. लिखु गाउँपालिका वडा नं. ४ मिरमिरे चौतारोमा कर संकलन कार्यको लागि खटिएका कर्मचारी राम कुमार राई कर संकलन गरेर फर्कने क्रममा मिति २०७५।५।४ गते बेलुका मोटरसाइकल दुर्घटनामा परि घाइते भएको र मोटरसाइकल समेत क्षति हुन गएकोले निजबाट मोटरसाइकल मर्मतको बिल रु ५५९०।०० पाँच हजार पाँचसय नब्बे भुक्तानी गर्ने ।

ख. कर संकलन कार्यमा खटिएका कर्मचारीहरुलाइ अतिरिक्त समय काम गरेवापत मासिक रु १०,०००।०० दश हजार सुविधा उपलब्ध गराउने गरी कार्यपालिकाको मिति २०७५।३।३२ गतेको बैठकबाट निर्णय भएकोमा अत्याधिक खट्नुपर्ने व्यक्तिहरुको लागि उक्त रकम ज्यादै अपुग भएको भनि गुनासो प्राप्त भएको हुँदा निजहरुलाइ कार्य सम्पादनको आधारमा थप सुविधा वापत देहायको रकम उपलब्ध गराउने ।

क. राजन अधिकारी, अप्सरा लामिछाने, शैलेन्द्र पाण्डे र गौरी राई मासिक थप रु ५०००।०० पाँच हजार

ख. जुनिल श्रेष्ठ, विमला तामाङ, रामकुमार राई, विश्वामित्र राई, श्रीराम श्रेष्ठ मासिक थप रु ३०००।०० तीन हजार

ग. ध्रुव प्रसाद पाण्डे मासिक रु ६०००।०० छ हजार

ग. अनुगमन समितिका पदाधिकारीहरुको लागि प्रति बैठक भत्ता रु १५००।०० र अनुगमन गरेको दिन महिनाको बढीमा ४ वटा सम्म अनुगमन भत्ता रु १०००।०० का दरले उपलब्ध गराउने ।

घ. ढुंगा गिटीको कर संकलनको क्रममा प्रयोग भएको निजी मोटरसाइकलहरुलाई मर्मत खर्चबापत बढीमा रु. पाँच हजार मात्र एक पटकको लागि उपलब्ध गराउने निर्णय गरियो ।

६. क) यस गाउँपालिका अन्तर्गतका वडा कार्यालयहरुबाट सेवाग्राहीलाई प्रदान हुने सेवा, सुविधाको प्रकार, उक्त सेवा प्राप्त गर्न सेवाग्राहीहरुले पुर्‍याउनुपर्ने प्रमाण कागजात, लाग्ने दस्तुर, समय, जिम्मेवार पदाधिकारी / कर्मचारी समेतको विवरण खुलेको नागरिक वडापत्र निर्माण गरी कार्यालय परिसरमा राख्ने निर्णय गरियो ।

७. लिखु गाउँपालिकाको क्षेत्र भित्र अस्पताल नभएकोले कम्तीमा १५ देखि २५ शैयाको अस्पताल लिखु गाउँपालिका वडा नं. ४ गड्खार मा रहेको जिल्ला सिंचाई कार्यालयको जग्गामा निर्माण गर्न प्रदेश सरकार मार्फत सम्बन्धित निकायमा पहल गर्ने निर्णय गरियो ।

८. देहायको योजना तथा कार्यक्रमहरुको लागि चालू आ.व. २०७५।०७६ को लागि वार्षिक कार्यक्रम तथा बजेटमा उल्लेखित अन्य पूर्वाधार शीर्षकमा विनियोजित रकम मध्येबाट विनियोजन गर्ने निर्णय गरियो ।

क. बर्राफेदी राम्चे बोरापानी सडक ८०००००।-(आठ लाख)

ख. बर्राफेदी शेरा सडक मर्मतको चेक विविधि कारणले फ्रिज हुन गई गत आ.व. २०७४।०७५ मा साटिन नसकेकोले गत आ.व. मा नै मूल्यांकन भई सकेको रकम चालू आ.व.मा भुक्तानी दिन निर्णय गरियो ।

ग. वडा नं. ४ को वडा कार्यालयको जग्गा खरीदको लागि ७०००००।-(सात लाख)

घ. ढिकुरेपुले मान बहादुर गुरुवाचार्य बारी सम्मसम्म बाटो सफा गर्ने १४००००।-(एक लाख चालिस हजार)

ङ. शिव पाठकको घर जग्गा संरक्षणको लागि नदि डाइभर्सन( विपद् व्यवस्थापन) ४००००(चालिस हजार)

च. ठाडो महादेव पाटी निर्माण लिखु ६ १५०,०००।-(एक लाख पचास हजार)

९. क. लिखु गाउँपालिका वडा नं. ४ का वडा अध्यक्ष लामो समयदेखि दुवै मृगौला पीडित भई डायलाइसिस गराइरहेकोले निजलाई मुटु, क्यान्सर र मृगौला लगायत गम्भीर प्रकृतिका रोगका लागि सहयोग शीर्षकबाट रु १५०,०००।-(एक लाख पचास हजार) सहयोग गर्ने निर्णय गरियो ।

ख. लिखु गाउँपालिका वडा नं. २ निवासी चिनीमायाँ घले लामो समय देखि दुवै मृगौला पीडित भई डायलाइसिस गराइरहेकोले निजलाई मुटु, क्यान्सर र मृगौला लगायत गम्भीर प्रकृतिका रोगका लागि सहयोग शीर्षकबाट रु २००००।-(बीस हजार) सहयोग गर्ने निर्णय गरियो ।

ग. लिखु गाउँपालिका वडा नं. ५ हाल लिखु गाउँपालिका वडा नं. ३ बस्ने राजु राईको श्रीमती श्रृष्टि राईको मुटु अप्रेशन गर्न १८००० ।-(अठार हजार) सहयोग गर्ने निर्णय गरियो ।

घ. लिखु १ निवासी हरि प्रसाद अधिकारी को श्रीमती तुलसा अधिकारीको विद्युत करेन्ट चुहावट भई मिति २०७५।०५।०८ गते निधन भएकोले निजको अढाई वर्षको छोरीलाई रु १०००००।-(एक लाख) महिला तथा वालबालिका कार्यक्रम शीर्षकबाट सहयोग गर्ने निर्णय गरियो ।

२०७५।०६।११